नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ५८ २०८१ साल असोज ८ गते मंगलबार (24 Sep. 2024 Tuesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : अन्तर्राष्ट्रिय शान्ति दिवस र.. ३ पृष्ठमा : नेपाली इञ्जिनीयरलाई अन्तर्राष्ट्रिय. ३ पृष्ठमा : श्रीलङ्कामा वामपन्थी नेता...

# सन्तानको दिर्घायुको कामना गर्दै कठोर पर्व जितिया शुरु





**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

आफ्नो सन्तानको दिर्घायुको कामना गर्दै तराई मधेशमा सोमबारदेखि विधिवत् रुपमा जितिया पर्वको शुरुवात भएको छ ।

परापुर्वकालदेखि गरिदै आएको कठोर पर्व जितियाको पहिलो दिन सोमबार नहा खा ( नुहाएर खानु) विधि गर्दै शुरु भएको हो ।

ब्रतको पहिलो दिन सोमबार ब्रत बस्ने महिलाले पोखरी वा जलाशयमामा नुहाएर सोही ठाउँमा घिरौलाको पातमा भगवान् जितवाहन र पितृलाई चिउरा, दही, तेल र पिना चढाउँछन् । यसरी जलाशयको घाटमा चढाईएको प्रसाद आफू र परिवारजनका सदस्यले खान्छन् भने घाटमा चढाईएको तेल सबैले टाउकोमा लगाउने चलन छ ।

ब्रतको पहिलो दिनको पूजासकेपछि कोदोको रोटी, नोनीको साग र माछा खाने पौराणिक चलन रहिएको आएको छ र यसलाई स्थानीय भाषामा माछ-मरुवा पनि भनिन्छ ।

ब्रतको दोश्रो दिन मंगलबार बिहानै काग कराउनुभन्दा पहिल्यै ब्रती महिला ओंगठन गर्नुपर्छ, अर्थात् केही खानेकुरा ओठमा लगाउनुपर्छ । महिलाले ओंगठनमा च्यूरा दही खाएपछि उपवासको क्रम सुरु हुन्छ ।

यस बर्ष मंगलबार बिहान ४ बजेदेखि उपवास बसी निराहार एवं निर्जल व्रत बसी बुधबार साँझ ५ बजेर २० मिनेट भएपछि मात्रै व्रतीले व्रत सम्पन्न गर्ने पंडित रामकुमार शास्त्रीले बताए ।

रताई मधेशमा सबै भन्दा कठोर ब्रतको रुपमा रहेको जितियामा उपवास बसेका दिन महिलाले डकार गरे अथवा

*बाँकी तीन पृष्ठमा*

# सर्पले टोक्दा युवकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

सप्तरीको बोदेबर्साईनमा बिषालु सर्पले टोक्दा एक युवकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सप्तरीको बोदेबर्साईन नगरपालिका ५ भाटिन बस्ने १८ वर्षीय मोहम्मद इमरान रहेको इलाका प्रहरी कार्यालय बोदेबरसाइनले जनाएको छ ।

खेतको धानबालीमा मोटरबाट पानी हाल्ने क्रममा सोमबार सर्पले उनको खुट्टामा टोकेको थियो ।

सर्पको टोकाइबाट सिकित्स भएका उनलाई सर्पदंश उपचार केन्द्र, कल्याणपुरमा लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको जनाइएको छ ।

# हिरासत कक्षबाट ८ थुनुवा फरार

**दैनिक समाचारदाता**
**धनुषा, ७ असोज ।**

जिल्ला प्रहरी कार्यालय धनुषाको हिरासत कक्षाको 'भेन्टिलेशन' भत्काएर नौ जना थुनुवा फरार भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता रञ्जन अवालेका अनुसार हिरासत कक्षमा रहेका १० जनामध्ये सोमबार बिहान नौ जना थुनुवा फरार भएका हुन् । फरारमध्ये एक जनालाई पक्राउ गरेको उनले जानकारी दिए । फरार सबै थुनुवा लागुऔषध र चोरी मुद्दाका अभियुक्त रहेका बताइएको छ ।

फरार हुनेमा अमितकुमार झा, रञ्जित मण्डल, रोशन मण्डल, भास्कर यादव, विशाल मुखिया लागुऔषध मुद्दाका थुनुवा हुन् भने सुमित मेस्तर, मनिष मण्डल र विक्की कार्की अभद्र व्यवहार मुद्दाका अभियुक्त हुन् ।

थुनुवाले रड काट्न प्रयोग हुने 'ह्याक्सो ब्लेड'को प्रयोग गरी भेन्टिलेशन काटेर फरार भएका र ह्याक्सो ब्लेड उनीहरुको पहुँचमा कसरी पुग्यो भन्नेबारेमा अनुसन्धान भइरहेको प्रवक्ता अवालेले बताए ।

# स्वास्थ्य शिविरमा एक हजार भन्दा बढी लाभान्वित



**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

नेपाली काँग्रेस ३ नं क्षेत्रिय समिति र नेविसंघ सप्तरीको संयुक्त आयोजना तथा नोवेल मेडिकल टिचिङ अस्पताल विराटनगर र केएमसी टिचिङ अस्पताल काठमाडौको प्राविधिक सहयोगमा संचालित शिविरमा एक हजार भन्दा बढी विरामीले निशुल्क सेवा प्राप्त गरेका छन् ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ मा सोमबार आयोजना गरिएको उक्त एकदिने निशुल्क स्वास्थ्य शिविरबाट एक हजार सात जना बिरामी लाभान्वित भएका हुन् । शिविरको

*बाँकी अन्तिम पृष्ठमा*

# जनताको चाहना अनुसार कामकाज गर्न कर्मचारीलाई मन्त्री चौधरीको निर्देशन



**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले जनताको चाहना अनुसार सरकारी कार्यालयमा कामकाज गर्न कर्मचारीलाई निर्देशन दिएका छन् ।

राजविराजस्थित जिल्ला प्रशासन कार्यालयमा सोमबार जिल्लाका विभिन्न कार्यालय प्रमुखहरूसँगको छलफलका क्रममा मन्त्री चौधरीले यस्तो निर्देशन दिएका हुन् ।

कर्मचारीहरूलाई समयमै आफ्नो कार्यालयमा आइदिएर र जनताको काम काज गरेर जान भन्दै आफ्नो दायित्व निभाएर छिटोछरितो ढङ्गले काम गर्न उनले कर्मचारीहरूलाई सुझाव दिए ।

एक अर्को प्रसङ्गमा मन्त्री चौधरीले कर्णाली प्रदेशमा आयोजना गर्न लागेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी फागुन महिनासम्म सञ्चालन हुने बताएका छन् । आवश्यक भौतिक पूर्वाधार निर्माणकै क्रममा रहेकाले १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता यसअघि घोषित मितिमा हुन नसक्ने समेत बताए ।

"१०औं राष्ट्रिय खेलकुद प्रतियोगिता मङ्सिरमा सञ्चालन गर्ने तय गरेका थियौं, पूर्वाधार निर्माण गर्ने क्रम चलिरहेकाले प्रतियोगिता अब अगामी फागुनमा सञ्चालन गर्छौं", उनले भने ।

उक्त प्रतियोगिताको तयारीमा जुट्न मन्त्री चौधरीले खेलाडीहरूलाई आग्रह पनि गरे । कर्णाली प्रदेशमा मङ्सिर, पुस र माघ महिनामा अत्यधिक जाडो हुने भएकाले उक्त प्रतियोगिता फागुन महिनामा गर्ने मन्त्रालयले योजना बनाएको उनले स्पष्ट पारे ।

## डेंगी नियन्त्रणका उपाय

- लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने ठाउँ पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनैपनि खुला भाँडामा पानी जम्न नदिने ।
- लामखुट्टेको टोकाईबाट बच्ने उपायहरू अपनाउने ।
- डेंगीका लक्षण देखिए तत्काल स्वास्थ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अहिले पनि कार्य सम्पादन सुस्त

अहिले पनि अधिकांश सरकारी कार्यालय तथा स्थानीय तहरुबाट जनताले पाउनु पर्ने सुविधाबाट बञ्चित छन् । सरकारी कार्यालय तथा स्थानीय तहबाटै पाउनु पर्ने निशुल्क सुविधा पाउन उनीहरुलाई हम्मे हम्मे पर्छ । जबसम्म नजराना दिइदैन तबसम्म कुनै काम नै अगाडी बढ्दैन् । यस्तो अवस्थामा सेवाग्राहीहरु निकै तनावका साथ काम गर्न बाध्य छन् । संविधानमा उल्लेख गरिएका ती सुविधाहरु सजिलै पाउने व्यवस्था भएपनि सो अनुसार हुन सकिरहेको छैन् ।

सरकारी कार्यालयहरुमा केही कर्मचारी तथा विचौलियाका कारण जनताले सास्ती व्यहोर्नु परेको प्रसस्त उदाहरणहरु देख्न पाइन्छ । त्यस्तै जनप्रतिनिधिले जनताले पाउने सेवा भन्दा पनि आर्थिक लाभ पाउन सकिने कार्यहरुलाई पहिलो प्राथमिकतामा राख्ने गरेका छन् । जसले गर्दा सेवाग्राही मारमा पर्ने गरेका छन् । स्थानीय तहका शिक्षा र स्वास्थ्यलाई केही हदसम्म प्राथमिकतामा राखेपनि प्रभावकारी कार्य हुनसकिरहेको छैन् । शिक्षा र स्वास्थ्य जनताको पहिलो प्राथमिकता हो तर अधिकांश जनप्रतिनिधिहरुले त्यसलाई उपेक्षा गरेको देखिन्छ । शिक्षा र स्वास्थ्यका साथ साथै विकासको मुद्दा पनि प्राथमिकतामा पर्न जान्छ । विकास भन्ने कुरा एकै दिनमा नहुने कुरा हो । यसका लागि लामो समय पर्खिनु पर्छ ।

जनताले पाउने सेवा सुविधाप्रति जनप्रतिनिधि तथा कर्मचारीले थोरै पनि चनाखो भएमा सरकारी कार्यालय, नगर वा वडा कार्यालयहरुबाट पाउने निशुल्क सेवाहरु छिटोछरितो एवं सरल तरिकाले पाउन सक्छन् । तसर्थ यस्ता कार्यप्रति सम्बन्धित निकाय गम्भिर हुनु आवश्यक छ भने जनप्रतिनिधिहरु पनि संवेदनशिल हुनुपर्छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# अन्तर्राष्ट्रिय शान्ति दिवस र विश्व शान्तिका चुनौतीहरू

**डा. विष्णुराज उप्रेती**

काठमाडौँ, ७ असोज (रासस) ।

संयुक्त राष्ट्रसङ्घको स्थापना नै सन् १९४५ मा युएन चार्टरमार्फत दोस्रो विश्व युद्धपछि विश्वमा शान्तिसुरक्षा कायम गर्ने र आर्थिक, सामाजिक र मानवीय समस्यामा सहयोग र सहकार्य गर्ने उद्देश्यबाट भएको हो । विश्वका १९३ देश सदस्य रहेको यो संस्थाको सबैभन्दा शक्तिशाली संरचना चाहिँ सुरक्षा परिषद् हो, जसले विश्व शान्ति सेनाको परिचालनलगायत सबै महत्वपूर्ण राजनीतिक निर्णयहरू गर्दछ । युएनका शान्तिसम्बन्धी अरू संरचनाहरूमा शान्ति सेना परिचालन, महासभा, महासचिवको कार्यालय, मानवअधिकार परिषद्, अन्तर्राष्ट्रिय अदालतहरू छन्भने यसले मानवीय सहायता, निःशस्त्रीकरण, शरणार्थीलगायतका सवालहरूमा पनि काम गरेको छ । यो संस्थाले शान्ति प्रवर्द्धनका लागि विभिन्न दिवस पनि घोषणा गरेको छ । तीमध्यको एक हो, सन् १९८१ देखि हरेक वर्ष सेप्टेम्बर २१ मा मनाइँदै आएको अन्तर्राष्ट्रिय शान्ति दिवस ।

यो संस्थाले शान्ति प्रवर्द्धनका लागि विभिन्न कोशिस गर्दागर्दै पनि अपेक्षित परिणाम भने हासिल गर्न सकेको छैन । यसको उदाहरणमा अहिले पनि ३२ वटा देशमा सकृय युद्धहरू चलिरहेका छन् र यसका २४ वटा मिसन पनि सकृय रहेका छन् (तीमध्य ११ वटा मिसनमा नेपालले कुल छ अजार एक सय ४१ जना पठाई सबैभन्दा बढी योगदान गर्ने देश भएको छ) । यो संस्था अति भद्धा, केन्द्रिकृत र शक्ति राष्ट्रहरूको नियन्त्रणमा भएको कारणले नै प्रभावकारी हुन नसकेको हो । यो संस्थालाई प्रभावकारी बनाउने हो भने सुरक्षा परिषद्को आमूल परिवर्तनसहित समग्र पुनःसंरचना गर्न आवश्यक छ ।

**शान्तिको अवधारणा**

शान्तिको अवधारणा व्यापक छ । रक्तपातपूर्ण युद्ध चलिरहेको देशहरू (युक्रेन, रसिया, इजरायल-प्यालेस्टाइन, इजरायल-लेबनान ( हजबुल्लाह) मा हिंसात्मक युद्ध रोकिनु नै शान्तिको आधार मानिन्छ भने तनाब र द्वन्द्व रहेका देशहरू (म्यानमार, इथोपिया, सहेल, हैटी, अर्मेनिया-अजरबैजान आदि) मा तनाव र द्वन्द्वको अन्त्य नै शान्तिको सुरुआत मात्र भन्न सकिन्छ । तर यो नै शान्तिको पूर्ण अवस्था भने होइन । नर्वे, आइसल्यान्ड, स्विडेन वा अरू कुनै हिंसात्मक गतिविधि नभएका शान्त देखिने देशहरूमा अशान्ति छैन भन्ने होइन । त्यहाँका मानिसमा पनि अशान्ति छ । त्यसैले शान्ति भनेको द्वन्द्व वा युद्धको स्थगन हुनु मात्र होइन । हामीले शान्तिको परिभाषा गर्दा परिस्थिति र परिवेश सापेक्ष गर्नुपर्ने हुन्छ । सारमा शान्तिको सरल परिभाषमा शान्ति भनेको मानिसको मन मस्तिष्कबाट सिर्जित मनोभावनात्मक अवस्था हो, जहाँ उसले कुनै अस्थिरता, असुरक्षा, त्रासको अनुभूति गर्दैन अर्थात् सुरक्षित महसुस गर्दछ । यसै आलोकमा विश्व शान्तिलाई हेर्न उपयुक्त हुन्छ ।

**विश्व शान्तिका चुनौतीहरू**

अहिले विश्व नितान्त नयाँ खाले र निकै जटिल देखिएका चुनौतीबाट गुज्रिरहेको छ । दोस्रो विश्व युद्धपछि सुरु भएका स्थापित मान्यता र अभ्यासहरू जस्तै लोकतान्त्रिक प्रक्रिया, व्यापारमुखी खुला अर्थतन्त्र, मानवअधिकार, कानुनको शासन पनि जटिल अवस्थाबाट गुज्रिरहेका छन् । यिनीहरूको आधारभूत मान्यतामै प्रश्नचिह्न खडा भएका छन् । यी मान्यताहरूको नयाँ र भिन्न चिन्तनबाट व्याख्या र अभ्यास हुन लागिरहेको छ भने थुप्रै नयाँ र विश्वले अघिल्लो शताब्दीमा अनुमानसमेत नगरेका चुनौतीहरू देखापरिरहेका छन् । केही यस्ता चुनौतीहरूका प्रारम्भिक सङ्केतहरू नै कहालिलाग्दो देखिँदैछन् भने कतिपय सवाल त शासक-प्रशासक, आमनागरिक र राजनीतिहरूका परिकल्पनाभन्दा बाहिरका र केवल चिन्तक र दार्शनिकको तहमा रहेका तर उनीहरूको भनाइ सुन्दैमा भयावह लाग्ने खालका छन् । यिनै चुनौतीहरू र यसले पार्नसक्ने प्रभावबारे यहाँ केही चर्चा गरिन्छ ।

**लोकतन्त्र र कानुनी शासनमा चुनौती**

विश्व चर्चित व्यक्तिहरू अब्राहम लिङ्कन, महात्मा गान्धी, नेल्सन मण्डेलादेखि दार्शनिक विश्वविद्यालयका प्राध्यापक, राजनीतिशास्त्रका विद्यार्थी, राजनीति शास्त्रीहरूले उठाएका, अभ्यास गरेका वा पैरबी गरेका लोकतान्त्रिक मान्यता र अभ्यास जस्तै मानवअधिकार र कानुनी शासन, न्यायपूर्ण शासनहरू लोकतन्त्रको उत्कृष्ट अभ्यास गरेका भनिएका युरोपका देशहरूमा पूर्ण दक्षिणपन्थी पार्टीहरू जस्तैः डेनमार्कको डेनिस पिपुल्स पार्टी, जर्मनीको अल्टरसेटिभ फर जर्मनी, नेदरल्यान्ड फ्रिडम पार्टी, फ्रान्सको नेसनल फ्रन्ट, स्विजरल्यान्डको स्विस पिपुल्स पार्टी, इटालीको नर्दन लिग, फिनल्यान्डको द फिन्स, स्विडेनको डेमोक्रचाट, अष्ट्रियाको फ्रिडम पार्टी, स्लोभाकियाको आवर स्लोभाकिया, हङ्गेरीको जोबिक, ग्रिसको गोल्डेन डावनको प्रभाव बढ्दै गइरहेकाले अब विश्व पहिले स्थापित मान्यताबाट निकै टाढिँदै गएको देखिँदैछ । पहिला विकासोन्मुख देशमा उग्रदक्षिणपन्थी शासकहरू आए, तानासाही शासन बढ्यो भनेर आलोचना गर्ने देशहरूमै दक्षिणपन्थी तानासाही मान्यतालाई प्राथमिकता दिने पार्टीहरूलाई जनताले मत दिई स्थापित गराउनुले पनि अब पहिलेका स्थापित लोकतान्त्रिक मान्यतामाथि चुनौती थपिएको देखाउँछ ।

**ऊर्जा र वातावरणीय सुरक्षाको सवाल**

शक्ति राष्ट्रहरूले अत्यन्त संवेदनहीन तरिकाले नवीकरण नहुने ऊर्जाहरू जस्तैः पेट्रोलियम पदार्थ, प्राकृतिक ग्यास, कोइला र अति जोखिमयुक्त आणविक शक्तिको विस्तार र प्रयोग गर्दा यसबाट सिर्जना भएको वातावरणीय असुरक्षाको र जलवायुसँग सम्बन्धित सङ्कट सिर्जना भइरहेको छ । शक्ति राष्ट्रहरूले कमजोर राष्ट्रलाई वातावरण संरक्षण र जलवायु परिवर्तन जोखिमसम्बन्धी पण्डित्याइं छाँट्ने र सहयोगमा सर्त राख्ने गरे पनि उनीहरूले आफूले खपत गरेको ऊर्जाका कारण सिर्जना भएको जलवायु परिवर्तन र वातावरणीय असुरक्षाबारे स्वीकार्न तयार छैनन् । सन् २०१६ मा गरिएको अध्ययनमा विश्वमा खपत हुने ऊर्जामध्ये ८० प्रतिशत गैरनवीकरणीय ऊर्जाबाट प्राप्त हुने र यो नै वातावरणीय असुरक्षाको प्रमुख कारक भएको देखाएको छ । सन् २०१७ को तथ्याङ्कअनुरुप विश्व जनसङ्ख्याको ४.२९ प्रतिशत भएको अमेरिकाले विश्व ऊर्जाको १७ प्रतिशत खपत गर्दछ ।

विश्वमा सबैभन्दा धेरै ऊर्जा खपत गर्ने देशहरूमा चीन, अमेरिका, भारत, रुस, जापान, दक्षिण कोरिया, जर्मनी, क्यानडा र इरान छन् र यिनीहरू नै विश्वमा जलवायु परिवर्तन र वातावरणीय असुरक्षाका लागि जिम्मेवार पनि उनीहर नै छन् तर उनीहरू यो यथार्थ स्वीकार्न तयार देखिँदैन । नेदरल्यान्डको सरकारी वातावरणीय मूल्याङ्कन संस्थाको सन् २०१२ को अनुसार २८ देखि ३० नोभेम्बर २०१७ मा जलवायु परिवर्तनका कारक सिर्जना भएको भविष्यमा हुन सक्ने असुरक्षाबारे छलफल गर्न विश्वभरबाट नेदरल्यान्डको हेगमा भेला भएका अनुसन्धानकर्ता, प्राध्यापक, सुरक्षाविद् र नीति निर्माताहरूको निचोड के थियो भने अहिले जसरी नै विश्वका शक्ति राष्ट्रहरूले प्राकृतिक स्रोतको दोहन र वातावरणीय पक्षलाई बेवास्ता गर्ने हो भने मानव अस्तित्व सङ्कट पर्ने खतरा ज्यादै छ ।

कार्बन (सिओ-२) उत्सर्जन गरी जलवायु परिवर्तनमा सबैभन्दा बढी योगदान दिने प्रमुख १० देशमा चीन, अमेरिका, भारत, रुस, जापान, जर्मनी, दक्षिण कोरिया, क्यानडा, ईन्डोनेसिया र साउदी अरयिबा पर्दछन् । तर वातावरणीय असुरक्षा र जलवायु परिवर्तनको मार भने कमजोर राष्ट्रहरले खेपन परिरहेको छ । यी देशका शासकहरूले अझ पनि उनीहरूको केवल आर्थिक विकास केन्द्रित गलत रबैयाका कारण सिर्जित कार्बनडाइअक्साइड उत्सर्जनको मार संसारले भोग्नु परेको यथार्थ आत्मसात् गर्न सकेका छैनन् र यही रबैया कायम रहेमा विश्वमा अशान्ति मात्र हैन मानव अस्तित्व नै सङ्कटमा पर्नसक्ने अवस्था नकार्न सकिँदैन ।

**अस्थिरता र द्वन्द्व**

विश्वका शक्ति राष्ट्रहरूले विपन्न राष्ट्रमा रहेको अपार प्राकृतिक स्रोत (हिरा, युरेनियम, सुन, तेल र प्राकृतिक ग्यास, पानी, आदि) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कब्जा गर्न, आफ्नो रणनीतिक, सैनिक र राजनीतिक स्वार्थ पूरा गर्न वा वैचारिक आधारमा कमजोर राष्ट्रहरू माथि सिधै वा अन्य माध्यमबाट आन्तरिक मामलामा हस्तक्षेप गर्ने, सरकार अदलबदल गर्ने, हतियार बिक्री गर्ने वातावरण तयार गर्नेजस्ता कारणले द्वन्द्व सिर्जना गराइएका छन् । यस्ता द्वन्द्वहरूलाई सम्बन्धित देशभित्र रहेका गरिबी, बेरोजगारी, अशिक्षा, प्रदूषण, कुशासन, भोकमरीजस्ता संरचनागत कारण थप जटिल बनाइदिएका छन् र यिनै कारणहरू सम्बोधन गर्न भनी फेरि शक्ति राष्ट्रहरू नै विकास सहायताका नाममा आई स्थिति थप जटिल बनाएको यथार्थ संसारभर स्थापित छ ।

साथै अहिले भनिने आतङ्कवादको आधारभूत कारण खोज्दै जाने हो भने यसमा महत्वपूर्ण भूमिका शक्ति राष्ट्रहरूकै रहेको देखिन्छ । यसमा अतिवादी शक्तिहरू विगत वा वर्तमानमा कुनै न कुनै शक्ति राष्ट्रका रणनीतिसँग जोडिएको वास्तविकता पुष्टि भइसकेका छन् (यसको पछिल्लो उदाहरण अलकायदाका तत्कालीन नेता ओसामा बिन लादेन नै हुन् । यतिसम्मकी ख्यातिप्राप्त विद्वान नोम चोमस्की, इडवार्ड हर्मन्स्, रुथ वेकर्ली, फेडरिक गोरेउले त अमेरिका नै विश्वमा आतङ्कवाद उत्पादन गर्ने प्रमुख देशमध्ये भएकोबारे थुप्रै लेख र पुस्तक नै लेखेका छन् । अहिले पनि अफ्रिकाका ३० देशमा २७० लडाकु समूह द्वन्द्वमा सक्रिय छन्भने एसियाका १६ देशमा १८२ लडाकु समूह, युरोपका १० देशमा ८२ लडाकु समूह, मध्यपूर्वका सात वटा देशमा २६१ लडाकु समूह, अमेरिकी महादेशका सात देशमा ३० लडाकु समूह गरी कुल ७० देशमा ८२५ वटा सक्रिय द्वन्द्व चलिरहेका छन् यी द्वन्द्वहरूको सूक्ष्म विश्लेषण गर्दा शक्ति राष्ट्रहरूको स्वार्थ र प्रभाव व्यापक रहेको पाइन्छ ।

**भूमण्डलीकरण**

शक्ति राष्ट्रहरूको आर्थिक स्वार्थ संरक्षण र प्रवर्द्धनका लागि प्रविधि विकास, कानुनी, संरचनागत र विषयगत रूपमा मजबुत बनाउँदै लगिएको भूमण्डलीकरणकै कारण रैथाने बीउबिजन, ज्ञान-सीप ध्वस्त भइरहेको, अपार जैविक र आनुवंशिक विविधता बौद्धिक सम्पत्तिमाथिको अधिकारका नाममा वा नयाँ प्रविधिको प्रयोगबाट स्थानीय मानिसको नियन्त्रण र पहुँच निषेधित हुँदै गइरहेको छभने विश्व ब्यापार सङ्गठनका थरीथरीका प्रावधानबाट गरिब देशका नागरिक चटपटाउनै नसकिने गरी बेरिएका मात्र छैनन्, गरिबी, कुपोषण र भोकमरीबाट समेत आक्रान्त छन् ।

खासगरी शक्ति राष्ट्रका बहुराष्ट्रिय कम्पनीहरूले गरिबी र भोकमरी बढाउन, धनी र गरिबबीच दूर बढाउन महत्वपूर्ण भूमिका खेलिरहेका छन् । उदाहरणका लागि, सन् २००७ को तथ्याङ्कमै विश्वको बीउ बजारको ४२ प्रतिशत अमेरिकाका तीनवटा कम्पनी पूर्व-मोन्सान्टो, डुपोक्ट ल्यान्ड व लेक्सले बीउ नियन्त्रण गरेका छन्भने ६७ प्रतिशत विश्वको बीउ बजार विश्वका १० वटा ठूला कम्पनीले नियन्त्रण गरेका छन् ।

**निष्कर्ष**

अहिले विश्वमा जति पनि अशान्तिहरू देखिएका छन् । तिनका प्रमुख कारक भनेको शक्ति राष्ट्रहरू नै हुन् । यिनै शक्ति राष्ट्रहरूकै कारण अब विश्वले नयाँ नयाँ सङ्कटहरू भोग्न परिरहेको छ । तर यी सङ्कट समाधान गर्न भने शक्ति राष्ट्रहरूले खासै चासो देखाएको देखिँदैन । न त संयुक्त राष्ट्रसङ्घ नै प्रभावकारी हुन सकेको छ । विश्वमा अहिले देखिएका जटिलता र सङ्कटहरूको सामना गर्न शक्ति राष्ट्रहरू गम्भीर भई संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को पुनःसंरचना गर्नै पर्दछ । नत्र भने शक्ति राष्ट्रहरूले सिर्जना गरेका जटिलता र सङ्कटहरूले विपन्न देशहरूमा अकल्पनीय नोक्सान पुऱ्याउने र संयुक्त राष्ट्रसङ्घ पनि विफल हुनेछ । *(लेखक द्वन्द्व विशेषज्ञ हुनुहुन्छ)*

# नेपाली इञ्जिनीयरलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने प्रक्रियाको ढोका खुल्यो

काठमाडौँ, ७ असोज (रासस)।

नेपाली इञ्जिनीयरको योग्यतालाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने प्रक्रियाको ढोका खुलेको छ। यसका लागि नेपाल इञ्जिनीयरिङ काउन्सिलले प्रक्रिया अघि बढाएको हो।

इञ्जिनीयरहरूको अन्तर्राष्ट्रिय मान्यता प्रदान गर्ने निकाय वासिङ्टन एकडका अध्यक्ष काई साङ् लकसँग सोमबार प्रारम्भिक अन्तरक्रिया भएको छ। भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको प्रमुख आतिथ्यमा भएको उक्त छलफलमा विभिन्न विश्वविद्यालयका पदाधिकारीले यो प्रक्रियालाई अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा मन्त्री दाहालले नेपाली इञ्जिनीयरहरूको योग्यतालाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने प्रक्रियाका लागि आवश्यक नीतिगत तथा कानुनी प्रक्रियाका लागि मन्त्रालय तयार रहेको बताउनुभयो। "यो प्रक्रिया अघि बढाउन ढिला भएको छ", उहाँले भन्नुभयो, "तर ढिलै भए पनि प्रक्रियाको थालनी भयो, सबै मिलेर यसलाई अवरुद्ध हुन नदिइ पूरा गर्नुपर्छ।"

कार्यक्रममा वासिङ्टन एकडका अध्यक्ष काई साङ् लकले नेपालले थालेको प्रक्रिया पूरा हुनेमा विश्वास व्यक्त गर्नुभयो। उहाँले इञ्जिनीयरिङ क्षेत्रमा अन्वेषण, अनुसन्धान तथा नवप्रवर्तनमा जोड दिनुपर्ने बताउनुभयो।

त्रिभुवन विश्व विद्यालय इञ्जिनीयरिङ अध्ययन संस्थानका प्राडा नरेन्द्रमान शाक्यले नेपालमा इञ्जिनीयरिङ शिक्षा तथा पेसागत अवस्थाका बारेमा आफ्नो प्रस्तुति राख्नु भएको थियो। उक्त एकडमा आवद्ध राष्ट्रहरूका इञ्जिनीयरहरूले सदस्य राष्ट्रमा समान हैसियत पाउने भएकाले यसबाट नेपाली इञ्जिनीयरलाई अन्तर्राष्ट्रियस्तरमा सम्मानजनक अवसर प्राप्त हुने सो अवसरमा जानकारी दिइयो।

काउन्सिलका अध्यक्ष पदमबहादुर शाहीले नेपालका शैक्षिक संस्थाबाट उच्च शिक्षा लिए पनि अन्तर्राष्ट्रिय सम्बन्धन र स्वीकृति नपाइरहेको अवस्थामा यो प्रक्रियाको थालनी गरिएको बताउनुभयो। यो प्रक्रिया पूरा हुन चारदेखि १० वर्षसम्म लाग्ने भए पनि प्रक्रियाको थालनीले नेपाली इञ्जिनीयरिङ क्षेत्रलाई आशावादी बनाएको उहाँले उल्लेख गर्नुभयो। यो प्रक्रियाको थालनीले नेपाली इञ्जिनीयरलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने प्रक्रियाको ढोका खुलेको अध्यक्ष शाहीको भनाइ छ।

## सन्तानको दिर्घायुको ...

मुखले खकार वा जिब्रो टोके भने व्रत असफल भएको मानिन्छ र एक पटक ब्रत भंग भयो भने आजिवन ब्रत नबस्ने धार्मिक र पौराणिक मान्याता रहिआएको छ।

यसैबीच ब्रतालु महिलाका लागि आशिया पार्टी प्यालेशद्वारा पोखरीको सरसफाई गरेको छ। जितिया पर्वप्रति सदासय देखाउँदै आशिया पार्टी प्यालेसले राजविराज नगरपालिका वडा नम्बर ११ स्थित पोखरी तथा घाटको सरसफाई गरेको हो।

पार्टी प्यालेसका संचालक मो. अकबर हुसैनले ब्रतालु महिलालाई पोखरीमा नुहाउन र पूजा गर्न सहज होस् भन्ने मनसायले पोखरी, घाटको सरफाई गरि घेरा लगाईदिएको बताए।

'यहाँका ब्रतालु महिलाका लागि सबै भन्दा कठोर पर्व जितियाको पहिलो दिन हजारौं महिला बिगतदेखि नै यस पोखरी नुहाएर पूजा गर्दै आएका छन् तर, पोखरी र घाटको फोहोर हेरेर मलाई राम्रो लागेन अनि व्यवस्थित रुपमा जितिया मनाउन सरसफाई गरेर घेरा पनि लगाई दिएको हुँ' उनले भने, 'यसले सामाजिक सदभाव बढाउनुका साथै ब्रती महिलालाई सहज भएको छ।'

गत वर्ष पनि जितियामा उनले आफ्नै लगानीबाट पोखरीको सरसफाई तथा घेराबेरा गरि ब्रतालु महिलाहरुलाई जितिया मनाउन सघाएका थिए।

# अल्टिमाको दशैंअफर : उल्लेखनीय उपहार र छुट

**दैनिक समाचारदाता**
**काठमाडौं, ७ असोज।**

अल्टिमा लाइफस्टाइल, नेपालको अग्रणी एसेसरीज ब्रान्ड अल्टिमाले आउँदै गरेको दशैंको अवसरमा आफ्ना ग्राहकहरुलाई उल्लेखनीय उपहार र छुटको व्यवस्था गरेको छ।




उक्त अवसरमा १० करोड भन्दा बढीको छुट, ३ करोड बराबरको उपहार र पाँच नयाँ उत्पादन बजारमा सार्वजनिक गर्ने बताएको छ।

यही असोज ९ देखि असोज २२ (सेप्टेम्बर २५ देखि अक्टोबर ८, २०२४) सम्म चल्ने १४-दिने दशैं मेला विभिन्न आकर्षक डिलहरू जस्तै "डिल अफ द डे," "बाई १ गेट १," र "१ रुपैयाँ गेम" समावेश छन्।

यस वर्षको मेलामा अल्टिमाले आफ्नो सेवा विस्तारलाई पनि प्रमुख स्थानमा राखेको छ, जसमा साउन्डबार, स्पिकरहरू, टिकाउ स्मार्टवाच, प्रभावशाली पावर बैंकहरू र प्रिमियमइयर बड्स सार्वजनिक हुँदैछन्।

अल्टिमाले दशैंको अवसरमा आकर्षक नयाँ वस्तुहरु बजारमा ल्याई वहुआयामिक सेवा प्रदान गर्नुका साथै पाँच नयाँ उत्पादन ल्याउँदै छ।

यो मेलामा अल्टिमाले पाँच नयाँ उत्पादनहरू सार्वजनिक गर्दैछ, जुन यसको उत्पादनमा नयाँ कोसे ढुङ्गा सावित हुने दावा गरिएको छ। प्रिमियम होम थिएटर अनुभव प्रदान गर्न डिजाइन गरिएका गतिषबढ्बखभद्यबच ज्ञद्दण्र गतिषबढ्बखभद्यबच द्दण्ण, शक्तिशाली स्पिकरहरू १२०६ र २००६ को दुई भेरियन्टहरूमा उपलब्ध छन्, जसमा बूस्टर, ब्लुटुथ कनेक्टिभिटी, र वास्तविक द्धक मद्दत हुनेछ।

## राजविराज नगरपालिका
### ३ नं. वडा कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
चलानी नं: ९४६

मिति २०८१।०६।०७

विषय : सूचना सूचना सूचना

**३ नं वडा कार्यालय रा.बि.न.पा. बाट जारी भएको सूचना**

जिल्ला सप्तरी, राजविराज नगरपालिका साविक वार्ड नं ४ हाल वार्ड नं ३ बस्ने प्रशान्त तातेडले तपसिलका जग्गा नामसारी दर्ता गर्न सिफारिस गरि पाउं भनी मिति २०८१।०६।०७ मा द.न.११६ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ।

तपसिल

जि.स.रा.वि.न.पा. वा.नं ४ हाल ३ बस्ने राजकुमारी तातेड नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.वि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| मोरङ | विराटनगर | १४ | ५५ | ०-४-७-० |
| " | " | ०२ | २२८८ | ०-०-२-३ |
| " | " | ०२ | २२८९ | ०-०-१७-१ |
| " | " | ०२ | २२९० | ०-०-७-१ |
| " | " | ०२ | २२९१ | ०-०-१२-३ |
| " | ददरवैरिया | ०३ | ५०५ | १-१९-१४-० |
| " | " | ०३ | ५०६ | २-१६-०-० |
| सुनसरी | हंसपोसा | ०८ | ५३३ | ०-१-१०-० |
| " | " | ०८ | ५५१ | ०-२-०-० |

अनिल कुमार दास
वडा अध्यक्ष

अनिल कुमार दास
वडा अध्यक्ष
रा.वि.न.पा. वडा नं. ३

# विश्व समाचार

## श्रीलङ्कामा वामपन्थी नेता दिसानायकाले राष्ट्रपतिका रूपमा शपथ ग्रहण

कोलम्बो, ७ असोज (रासस/एएफपी)।

श्रीलङ्कामा पहिलो वामपन्थी राष्ट्रपति अनुरा कुमारा दिसानायकाले सोमबार पदतथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ। श्रीलङ्काको निर्वाचन आयोगले आइतबार दिसानायकालाई मुलुकको राष्ट्रपतिमा निर्वाचित भएको घोषणा गरेको थियो। शनिबार भएको निर्वाचनमा पिपुल्स लिबरेसन फ्रन्टका ५५ वर्षीय नेता दिसानायका ४२ दशमलव ३१ प्रतिशत मत प्राप्त गरी राष्ट्रपतिमा विजयी हुनुभएको आयोगले जनाएको छ। विपक्षी दलका नेता सजिथ प्रेमदासा ३२ दशमलव ७६ प्रतिशतका साथ दोस्रो स्थानमा रहनुभएको थियो भने सन् २०२२ को आर्थिक सङ्कटको चरम अवस्थामा पदभार सम्हाल्नुभएका र अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) बेलआउटको सर्तअनुसार कठोर मितव्ययिता नीतिहरू लागु गर्नुभएका निवर्तमान राष्ट्रपति रनिल विक्रामासिङ्घे १७ दशमलव २७ प्रतिशतका साथ तेस्रो स्थानमा रहनुभएको थियो। सन् २०२२ मा श्रीलङ्कामा आएको आर्थिक मन्दीका कारण आम श्रीलङ्कावासीले पीडादायी कष्ट भोग्नु परेपछि दिसानायकाको समर्थनमा वृद्धि भएको थियो।

सांसदहरू, बौद्ध धर्मगुरुका सदस्यहरू र समारोहबीच ५५ वर्षीय दिसानायकाले प्रधान न्यायाधीश समक्ष शपथ ग्रहण गर्नुभएको हो। शपथ ग्रहणपछि दिसानायकाले भन्नुभयो, "जनताको राजनीतिज्ञप्रतिको विश्वास लाई पूर्ण रुपमा पुनर्स्थापित गर्न म सक्दो प्रयास गर्नेछु।" उहाँले भन्नुभयो, "म जादुगर होइन। मैले जानेका कुराहरू छन् र मलाई थाहा नभएका कुराहरू पनि छन्, तर म उत्तम सल्लाह लिनेछु र मेरो सर्वोत्तम प्रयास गर्नेछु। त्यसका लागि मलाई सबैको सहयोग चाहिन्छ।" श्रीलङ्काको नयाँ राष्ट्रपतिमा अनुरा कुमारा दिसानायका निर्वाचित भएपछि प्रधानमन्त्री दिनेश गुणवर्धनेले सोमबार बिहान राजीनामा दिनुभएको छ। आफ्नो राजीनामा पत्रमा गुणवर्धनाले श्रीलङ्काको नवौं कार्यकारी राष्ट्रपतिको रूपमा दिसानायके निर्वाचित भएसँगै देशको संविधानअनुसार नयाँ मन्त्रीमण्डल गठनका लागि मार्ग प्रशस्त गर्न राजीनामा दिन लागेको उल्लेख गर्नुभएको छ। दिसानायकाले चुनावमा विजय हासिल गरेपछि गुणवर्दनाले आइतबार राति नै उहाँलाई बधाई दिनुभएको थियो।

## हत्या गरिएका सम्पादकका परिवारद्वारा नयाँ राष्ट्रपतिसँग न्यायका लागि अपिल

कोलम्बो, ७ असोज (रासस/एएफपी)।

श्रीलङ्काकी पत्रकार लासन्था विक्रमातुङ्गेका परिवारले अन्तर्राष्ट्रिय स्तरमा निन्दा गरिएको श्रीलङ्काको हत्याको छानबिन पुनः सुरु गर्न सोमबार नयाँ राष्ट्रपतिसमक्ष अपिल गरेका छन्। सन् २००९ को जनवरीमा सत्तामा रहेका राजपाक्ष परिवारसँग सम्बन्धित सैन्य गुप्तचर एकाइका सदस्यका रूपमा प्रहरीले पहिचान गरेका आक्रमणकारीहरूले संस्थापनविरोधी सम्पादकको हत्या गरेका थिए। विक्रमातुङ्गेकी छोरी अहिंसाले देशको पहिलो वामपन्थी राष्ट्रपति अनुरा कुमारा दिसानायकाको शनिबार भएको निर्वाचनले परिवारमा न्यायको 'नयाँ आशा' जगाएको बताउनुभएको छ। उहाँले भन्नुभयो, "यो नेतृत्वले श्रीलङ्काको पछिल्लो मानव अधिकार इतिहासमा भएका ज्यादतीलाई सम्बोधन गर्न नयाँ दृष्टिकोण ल्याउनेछ भन्नेमा हामी आशावादी छौं।"

विक्रमामातुङ्गेले तत्कालीन रक्षा मन्त्री गोटबाया राजापाक्षले युक्रेनबाट सेकेन्ड ह्यान्ड मिग जेट लडाकु विमान खरिदलगायत हातहतियार खरिदमा व्यापक भ्रष्टाचार गरेको आरोपसमेत लगाउनुभएको छ। उहाँको परिवारले राजपाक्षलाई हत्याका लागि जिम्मेवार ठहर गर्दै क्यालिफोर्नियाको अदालतमा मुद्दा दायर गरेको थियो तर सन् २०१९ नोभेम्बरमा उहाँ राष्ट्रपति बनेपछि मुद्दा स्थगित भएको थियो। श्रीलङ्कामा महिनौंसम्म खाद्यान्न र अन्य अत्यावश्यक सामग्रीको अभाव भएपछि आन्दोलित समूहले सन् २०२२ को जुलाईमा राजपाक्षको निवासमो आक्रमण गरेपछि उहाँ विदेश पलायन हुनुपरेको थियो। राजपाक्षका उत्तराधिकारी रनिल विक्रमासिङ्घेले राजपाक्षेको शासनकालमा भएका एक दर्जनभन्दा बढी पत्रकार र सञ्चारकर्मीको हत्याको पुनः अनुसन्धान सुरु गर्नुभएन।

तत्कालीन प्रशासनका प्रमुख आलोचक विक्रमातुङ्गेलाई गोटबाया राजापाक्षेसँग जोडिएको भ्रष्टाचारको मुद्दामा बयान दिनुभन्दा केही दिनअघि छुरा प्रहार गरिएको थियो। गोटबायाका दाजु महिन्दा राजापाक्षेको शासनकालमा श्रीलङ्कामा भएको मानवअधिकार उल्लङ्घनको घटनालाई पुष्टि गर्ने विक्रमातुङ्गेको हत्या पनि एउटा बलियो प्रमाण हो। विक्रमातुङ्गेको हत्यालगायतका घटनाले श्रीलङ्कालाई मानव अधिकार उल्लङ्घन र दण्डहीनताको संस्कृति बोकेको मुलुकको प्रतीकको रूपमा समेत हेरिने गरिएको छ। यो मुद्दा संयुक्त राष्ट्र संघीय अधिकार निकाय र अन्य सङ्गठनले बारम्बार उठाएका छन्। श्रीलङ्कामा गृहयुद्धका क्रममा पत्रकार र राजनीतिक विद्रोहीको हत्यामा संलग्न रहेको गोटबाया राजपाक्षमाथि आरोप लाग्ने गरेको छ। उहाँमाथि एक छद्‌म सैन्य सङ्गठनलाई उनीहरूको हत्याका लागि आदेश दिएको आरोप लागेको छ।

## इजरायलमा रहेका नागरिकलाई सकेसम्म छिटो इजरायल छाड्न चीनको आग्रह

बेइजिङ, ७ असोज (रासस/एएफपी)।

इजरायल र लेबनानको इरान समर्थित लडाकू समूह हेजबुल्लाह बिचको तनाव बढ्दै जाँदा चीनले इजरायलमा रहेका आफ्ना नागरिकलाई जति सक्यो छिटो इजरायल छोड्न आग्रह गरेको छ। हाल, इजरायल-लेबनान सीमामा अत्यन्त तनावपूर्ण स्थिति रहेको तथा बारम्बार बढ्दो सैन्य द्वन्द्वको सम्भावना देखाउँदै इजरायलस्थित चिनियाँ दूतावासले एक विज्ञप्ति जारी गर्दै आफ्ना नागरिकलाई सुरक्षाको लागि स्थानान्तरणको निर्देशन दिएको हो। नागरिकहरूलाई इजरायल छोडी स्वदेश तथा सुरक्षित स्थानमा स्थानान्तरण गर्न आह्वान गर्दै जारी गरिएको विज्ञप्तिमा इजरायलको सुरक्षा अवस्था गम्भीर भएको उल्लेख गरिएको छ। यसैबीच, इजरायल र हेजबुल्लाहले आइतबार दुवै पक्षलाई पूर्ण युद्धबाट पछि हट्न अन्तर्राष्ट्रिय आह्वानको बाबजुद सीमापार आक्रमण बढाउने धम्की दिएका छन्। दक्षिणी बेरुतको सघन जनसङ्ख्या भएको हेजबुल्लाहको गढमा शुक्रबार इजरायली हवाई आक्रमणमा हेजबुल्लाहको कुलीन रादवान फोर्सका प्रमुख इब्राहिम अकील मारिएका थिए।

# अत्यधिक गर्मी बढेपछि विद्यालयमा बिदा

महोत्तरी, ७ असोज (रासस)। पछिल्लो साता घामको राप निकै बढेर गर्मी बढेपछि महोत्तरीमा फेरि विद्यालय बिदा दिन थालिएको छ।

जिल्लाको सुदूर दक्षिणवर्ती मनराशिशवा नगर कार्यपालिकाको कार्यालयले अत्यधिक बढेको गर्मीकै कारण सोमबारदेखि छ दिन विद्यालय बिदा दिने सूचना गरेको हो। महोत्तरीमा असोज सङ्क्रान्तियता ४५ डिग्री सेल्सियस तापक्रम रहँदै आएको छ।

घामको प्रचण्ड राप बढेर कलिला उमेरका बालबालिकालाई विद्यालय आउजाउमा निकै समस्या बढेपछि उनीहरूको स्वास्थ्यलाई ध्यान दिँदै छ दिन बिदाको निर्णय गरिएको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत राजेशकुमार शर्माले जानकारी दिनुभयो। यसअघि गत जेठमा पनि मनराशिशवासहितका जिल्लाका सबै स्थानीय तहले गर्मी छल्न सात दिन बिदा दिएका थिए।

मनराशिशवा नगर कार्यालयले गर्मी छल्न बिदा दिएपछि जिल्लाका अन्य स्थानीय तहले पनि बिदा दिने तयारी गरेका छन्। जिल्लामा असोज लागेपछि बढेको प्रचण्ड रापले सरकारी कार्यालयमा काम विशेषले पुग्ने सेवाग्राही निकै घटेका छन्। यसैगरी हाटबजार, यातायात र व्यापारिक प्रतिष्ठानमा पनि चहलपहल घटेको छ।

# बालबालिकामा लगानी गर्न सरोकारवालाको आग्रह

काठमाडौं, ७ असोज (रासस)। सरोकारवालाले बालबालिकाको क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिनुभएको छ। समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) नेपालले सोमबार यहाँ आयोजना गरेको 'बाल अधिकारसम्बन्धी सञ्चारकर्मीसँग छलफल'मा उन्नत भविष्यका लागि बालबालिकाका क्षेत्रमा लगानी बढाउन आवश्यक रहेकोमा उहाँहरूले जोड दिनुभयो।

सिविसका सल्लाहकार युवराज घिमिरेले बालबालिकामा लगानी बढाउनु पर्नेमा राज्यले जोड दिनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "लगानी नारामा मात्र सीमित हुनु भएन। नीति बनेको छ तर कार्यान्वयन हुनसकेको छैन। बालश्रम शोषणको अनुगमन गर्ने संस्थाको पनि अभाव देखिन्छ।

पोलिगन कलेजका प्रिन्सिपल अविरल थापाले बालबालिकामाथि नियन्त्रण नभइ अभिभावकले निगरानी गर्नुपर्ने र उनीहरूमा पढ्ने बानीको विकास गर्नुपर्ने बताउनुभयो। सञ्चारकर्मी गोविन्द खड्काले मिडियाले बालबालिकालाई केन्द्रिकृत गरेर कार्यक्रम उत्पादन गर्नुपर्ने र नीतिगत पैरवीमा बढी जोड दिनुपर्ने धारणा राख्नुभयो।

सिविसले विगत ३० वर्षदेखि बाल संरक्षणको मुद्दामा काम गर्दै आएको छ। कार्यक्रममा सहभागीले बालबालिकाको क्षेत्रमा बहुक्षेत्रीय समन्वय आवश्यक पर्ने, लैङ्गिक अल्पसङ्ख्यक बालबालिकाको विषय पनि उठान गरिनुपर्ने, बालमैत्री समाचार उत्पादनमा ध्यान दिनुपर्ने सुझाव राख्नुभएको थियो।

# भारतीय प्रधानमन्त्रीले चाँडै नेपालको भ्रमण गर्नुहुने : परराष्ट्रमन्त्री डा राणा

न्युयोर्क (अमेरिका), ७ असोज (रासस)। संयुक्त राष्ट्रसङ्घको ७९औं महासभामा भाग लिन नेपाली प्रतिधिमण्डलको नेतृत्व गर्दै संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा रहनुभएका प्रधानमन्त्री केपी शर्मा ओली र छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच सोमबार द्विपक्षीय भेटवार्ता भएको छ। उहाँहरूबीच दुवै मुलुकका विदेशमन्त्री र अन्य अधिकारीसहित टोटे न्युयोर्क प्यालेस होटलमा भेटवार्ता भएको हो।

भेटपछि संक्षिप्त प्रतिक्रिया दिँदै प्रधानमन्त्री ओलीले भेटवार्ता सकारात्मक भएको सञ्चारकर्मीलाई बताउनुभयो। भेटमा सहभागी परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले भेटवार्ता सौहार्दपूर्ण भएको र भारतीय प्रधानमन्त्री मोदीले चाँडै नेपालको भ्रमण गर्ने जानकारी दिनुभयो।

दुई प्रधानमन्त्रीबीचको भेटमा नेपालका तर्फबाट परराष्ट्रमन्त्री राणा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्साल, नियोगका प्रतिनिधि (राजदूत) लोकबहादुर थापा तथा भारतका तर्फबाट विदेशमन्त्री एस जयशङ्कर, विदेश मन्त्रालयका सचिव विक्रम मिश्रीलगायत सहभागी हुनुहुन्थ्यो।

## *स्वास्थ्य शिविरमा ...*

प्रतिनिधिसभा सदस्य दिनेश कुमार याादवले उद्घाटन गरेका छन्। उनले स्वास्थ्यको सुचाङ्कमा सप्तरी निकै पछाडी रहेकोले यस्ता स्वास्थ्य शिविरले गरिवी र विपन्नताका कारण स्वास्थ्य सेवा नपाई समस्यामा रहेकाहरुलाई निकै राहत पुऱ्याउने विश्वास समेत व्यक्त गरे।

सप्तरीको क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित उनले क्षेत्रको विकासका लागि आफूले विभिन्न खाका तयार पारी अगाडी बढेको र वर्षौंदेखि अलपत्र परेको महत्वपूर्ण योजनाहरु क्रमिक रुपमा कार्यान्वयनमा आउन थालेको बताए।

उनले भारतीय सिमादेखि गाईघाट सडक सञ्जाल जोड्ने विषयबारे गम्भिर छलफल भईरहेको बताउँदै छिट्टै सो योजना पनि कार्यान्वयनमा आउने जानकारी दिए।

शिविरमा मुटु रोग, नाक कान घाँटी रोग, छाला रोग, स्त्री रोग, बाल रोग, हाडजोर्नी रोग र आँखा सम्बन्धि रोगको निशुल्क उपचार सेवा प्रदान गरिएको शिविरका आयोजक काँग्रेस क्षेत्र नम्बर ३ का सभापति भुपेन्द्र नारायण यादवले बताए।

सांसद एवं बरिष्ठ डा. सुनिल शर्मा सहित एक दर्जन भन्दा बढी विशेषज्ञ चिकित्सकहरुको टोलीले स्वास्थ्य सेवा प्रदान गरेका थिए।

# जसपा नेपालले सङ्गठन निर्माण अभियानमा खटायो पदाधिकारी

काठमाडौँ, ७ असोज (रासस)। जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्ना पदाधिकारी तथा कार्यकारिणी सदस्यलाई 'जनतासँग जसपा नेपाल आधारभूत सङ्गठन निर्माण अभियान'मा खटाएको छ।

पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठकले प्रदेशस्तरीय अभियान परिचालन, अनुगमन र निरिक्षण गर्नका लागि नेताहरूलाई जिम्मेवारी तोकेको सो पार्टीका प्रचार प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार सुदूरपश्चिम प्रदेशमा उपाध्यक्ष गोविन्द चौधरी, कर्णाली प्रदेशमा उपमहासचिव दीपक कार्की, लुम्बिनी प्रदेशमा उपाध्यक्ष राजकिशोर यादव, गण्डकी प्रदेशमा उपाध्यक्ष शिवलाल थापा मगरलाई खटाइएको छ।

यसैगरी बागमती प्रदेशमा सचिव सुनी लामा, मधेस प्रदेशमा केन्द्रीय कार्यकारिणी सदस्य हरिनारायण यादव तथा कोसी प्रदेशमा सचिव राजकुमार राई र जयराम यादवलाई तोकिएको छ। पार्टीले खटाएका पदाधिकारी तथा कार्यकारिणी सदस्यले आ-आफ्नो प्रदेशमा रहेका केन्द्रीय कार्यकारिणी सदस्यका साथै प्रदेश समितिसँग समन्वय एवं सहकार्य गरी कार्य गर्न भनिएको तथा तोकिएका अभियानकर्मीले अभियानको प्रतिवेदनसमेत तयार पार्नुपर्ने प्रचार प्रसार तथा प्रकाशन विभाग प्रमुख बस्नेतले बताउनुभयो।

जसपा नेपालले चार महिने अभियान सञ्चालन गरिरहेको छ। सोही अभियानअन्तर्गत सोमबार पाँचथरमा अभियानकर्मी अभिमुखिकरणको आयोजना गर्न लागिएको सो पार्टीले जनाएको छ। जिल्ला समन्वय समितिको सभाहलमा आयोजित कार्यक्रमलाई पार्टीका अध्यक्ष उपेन्द्र यादवले उद्घाटन गर्ने कार्यक्रम तय भएको छ। यसअघि जसपा नेपालले काठमाडौँ, जनकपुर, वीरगञ्ज, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढीमा अभियानकर्मीको अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिसकेको जनाइएको छ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

प.सं. २०८१/८२ मिति: २०८१/०६/०६
च.नं. २०८१

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना |**

रामधनी राउत गडेरी नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे सिलहट रैती नं. ४२ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरि जग्गाधनी प्रमाण-पुर्जा पाऊँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. फुलकाही वडा नं. ६ हाल परिवर्तित बोदेबर्साइन न.पा. वडा नं. ४ वस्ने श्री इनरजीत राउत समेत-५ जना निवेदकको यस कार्यालयमा द.नं. ४४८ मिति २०८१/०४/२१ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८१/०६/०६ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ | तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला | म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ | यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ |

**तपसिल**

| सा.कि.नं. | साविक ज.बि. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३६८ | ०-४-१६ | फुलकाही | ६ | १४३ | ०-१-६ | रामधनी राउत गडेरी | पोखरीको डिल भनि फिल्डबुकमा उल्लेख रहेको |
| पोखरी | ०-५-० | फुलकाही | ६ | १४४ | ०-५-११.२५ | रामधनी राउत गडेरी | फिल्डबुकको कैफियत महलमा यो पोखरी को पानी पुरै ऐलानी हो भनि उल्लेख रहेको | |

२०८१/०६/०६
श्री लक्ष्मी प्रसाद खरेल
प्रमुख मालपोत अधिकृत
प्रमुख मालपोत अधिकृ

# लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउके दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : सुरुङ्गा नगरपालिका, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*